त्रिभुवन विश्वविद्यालय
पो.ब.नं. ८२१२, कीर्तिपुर,
काठमाडौं, नेपाल ।
फोन : ४३३०४३९

Tribhuvan University
P.O. Box 8212,Kirtipur
Kathmandu, Nepal.
Phone No. 4330439

# रजिष्ट्रारको कार्यालय
# OFFICE OF THE REGISTRAR
## कर्मचारी प्रशासन महाशाखा

Ref. / पत्र संख्या: क.प्र.म.शा.(४)च.नं.:- ८९ , मिति: २०८२।०४।०५

त्रि.वि.का क्याम्पस/ कार्यालय/ निकायहरु

विषयः परिपत्र गरिएको बारे ।

उपर्युक्त सम्बन्धमा त्रि.वि.का विभिन्न क्याम्पस, कार्यालय, निकायहरुमा अनिश्चितकालिन तालाबन्दि हूँदा विद्यार्थीहरुको पठनपाठन तथा शैक्षिक गतिविधी, अन्य प्रशासनिक कार्य, आवश्यक सेवा संचालन ऐन २०१४ लाग्ने त्रि.वि. अन्तर्गतका स्वास्थ्य सेवामा समेत पर्न जाने नकरात्मक असरलाई मध्यनजर गरी त्रि.वि. अन्तर्गतका शैक्षिक, प्रशासनिक तथा स्वास्थ्य सेवा समेतका काममा प्रत्यक्ष वा परोक्ष असर पर्ने गरि हड्ताल तालाबन्दी नगर्नु, गैर कानुनी रुपमा तालाबन्दी लगाएको अवस्था रहे तत्काल त्यस्तो तालाबन्दी खुलाई काम सूचारु गर्नु गराउनु, तथा तालाबन्दी लगायतका गैरकानुनी कार्यलाई कुनै पनि तवरले प्रश्रय नदिई कानुन बमोजिमको हस्तक्षेपकारी भूमिका र दायित्व गर्नु गराउनु भनि सर्वोच्च अदातलको सर्वोच्च नियमावली २०७४ को नियम ४९(२) (क) बमोजिम २०८२ साल असार १८ मा अन्तरिम आदेश जारी भए बमोजिम गर्ने गराउने व्यवस्थाका साथै विश्वविद्यालय अन्तर्गतका शैक्षिक, प्रशासनिक सेवामा संलग्न हुने पदाधिकारी, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुले गर्ने काम कारवाहीमा कुनै अवरोध सृजना गर्ने कार्य भएमा सम्मानित अदालतको आदेशको अवहेलना गरेको भनि सम्बन्धित व्यक्ति वा पक्ष उपर अवहेलनाको मुद्दा जो सुकैले राख्न सक्ने हुँदा त्यस तर्फ समेत सचेत रहन सम्मानित अदालतको अन्तरिम आदेश यसै साथ संलग्न गरि पठाइएको व्यहोरा निर्देशानुसार जानकारी गराइन्छ ।

.........................
दिनेश घिमिरे
नि.प्रमुख

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री नृपध्वज निरौला

**आदेश**

०८१-WO-१५२४

मुद्दाः-उत्प्रेषणसमेत।

अधिवक्ता महेश भट्टराई समेत ..........................................................१ निवेदक

**विरुद्ध**

नेपाल सरकार गृहमन्त्रालय सिंहदरबार काठमाण्डौ समेत .....................१ विपक्षी

यसमा निवेदक स्वयं अधिवक्ता श्री महेश भट्टराई तथा निवेदककातर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री उपेन्द्र केशरी न्यौपाने, श्री टिकाराम भट्टराई, श्री केदारप्रसाद कोइराला र डिल्लीप्रसाद मैनाली तथा विद्वान अधिवक्ताहरु श्री टंकप्रसाद भट्टराई, श्री रणबहादुर सिंह, श्री भरत रावल, श्री राजाराम घिमिरे, श्री लक्ष्मी सुवेदी, श्री कविराज घिमिरे र श्री विपना शर्माले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. १,२,३ र ४ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् तथा अन्य विपक्षीहरूको हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नू भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू ।

साथै, निवेदकहरुले अन्तरिम आदेशसमेत माग गरेकोतर्फ विचार गर्दा, त्रिभुवन विश्वविद्यालय आंशिक प्राध्यापक केन्द्रीय संघर्ष समिति र अखिल नेपाल राष्ट्रिय विद्यार्थी युनियन (क्रान्तिकारी)का नाउबाट मिति २०८२।०२।३० समेतका जारी भएको प्रेश विज्ञप्तीबाट आफ्नो माग सम्बोधन नभएसम्मका लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालय लगायत अनिश्चितकालतक तालावन्दी गर्ने समेत उल्लेख भएको देखियो। यसरी प्रकाशित विज्ञप्तीबमोजिम अनिश्चितकालिन तालावन्दी हुँदा र आचरण विपरितको त्यस्तो कामकारवाहीलाई विपक्षी प्रहरी, प्रशासन तथा स्वयं त्रिभुवन विश्वविद्यालयका पदाधिकारीले अनदेखा वा वेवास्ता गर्दा त्रिभुवन विश्वविद्यालय अन्तर्गत अध्ययन गर्ने विद्यार्थीहरुको पठनपाठन तथा शैक्षिक गतिविधि, अन्य प्रशासकिय कार्य, आवश्यक सेवा सञ्चालन ऐन, २०१४ लाग्ने त्रिभुवन विश्वविद्यालय अन्तर्गतका स्वास्थ्य सेवामा समेत पर्न जाने नकारात्मक असरलाई मध्यनजर गरी प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलाग्दासम्म त्रिभुवन विश्वविद्यालय अन्तर्गतका शैक्षिक, प्रशासनिक तथा स्वास्थ्य सेवा समेतका काममा प्रत्यक्ष वा परोक्ष असर पर्ने गरी हड्ताल /तालावन्दी नगर्नू, गैरकानूनीरुपमा तालावन्दी लगाएको अवस्था रहे तत्काल त्यस्तो तालवन्दी खुलाई काम सुचारु गर्नु गराउनु तथा तालावन्दी लगायतका गैरकानूनी कार्यलाई कुनै पनि तरहले प्रश्रय नदिई कानूनबमोजिमको हस्तक्षेपकारी भूमिका र दायित्व निर्वहन गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम विपक्षीहरुका नाउमा अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिनू।

न्यायाधीश

इति सम्वत् २०८२ साल असार १८ गते रोज ४ शुभम् ------------------------------- ।